CIVIC ACTION TEAMS

Nepal Coronavirus CivActs Campaign

अंक #५१

२६।४।२०७७

Coronavirus CivActs Campaign (CCC) ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

लकडाउन पछि भारी मात्रामा कर्मचारीको कटौती

नेपाल राष्ट्र बैंकको सर्वेक्षण अनुसार औद्योगिक बर्गिकरणका आधारमा कामदार कटौतीको अवस्था

- होटल तथा रेष्टुरेण्ट: ४०.०८%
- विद्युत, ग्याँस तथा पानी: ३९.७१%
- थोक तथा खुद्रा व्यापार: २४.८६%
- निर्माण: २३.६७%
- उत्पादनमुलक उद्योग: २३.४९%
- कृषि, वन तथा मत्स्यपालन: २१.३५%
- सञ्चार: २१.३१%
- यातायात तथा भण्डारण: १८.७५%
- रियल स्टेट, भाडा तथा व्यवसायिक कृयाकलापहरू: १८.७५%
- खानी तथा उत्खनन्: १६.६७%
- स्वास्थ्य तथा सामाजिक कार्यहरू: १५%
- शिक्षा: ५.६०%
- अन्य क्षेत्रहरू: २४.९०%

राष्ट्रिय औषत २२.५०%

कटौती भएका मध्ये ७०.५९% अस्थायी तथा करारका कर्मचारी रहेकाछन् ।

स्रोत: https://www.nrb.org.np/contents/uploads/

नेपाल अपडेट

कोरोनका परीक्षणका लागि व्यास नगरपालिकाका कर्मचारीको स्वाब संकन गर्दै स्वास्थ्यकर्मी ।

तस्बिर: शैलेन्द्र मिश्र

हल्ला र तथ्य

अव डिपार्टमेण्ट स्टोरमा पनि संक्रमण देखिसक्यो रे । त्यहाँको व्यवस्थापनको लापरवाहीले स्थिती भयावह निम्त्याउछ भनेर मान्छेहरु त्रसित छन् ।

डिपार्टमेण्ट स्टोर, बिक्रि केन्द्र तथा खुद्रा पसलमा ग्राहकलाई भित्र प्रवेश गर्नु पूर्व अनिवार्य रुपमा मास्क प्रयोग गर्न लगाउने, तापक्रम नाप्ने र स्यानिटाईजर प्रयोग गर्ने व्यवस्था गर्ने भनिएको छ । त्यसै गरेर, हरेक ग्राहकलाई सामान दिएर पैसा बुझेपछि अर्को ग्राहकसंग कारोवार गर्नु पूर्व स्यानिटाईजर प्रयोग गर्नुपर्ने पनि भनिएको छ । यदि सो मापदण्डको पालना भएको पाईएन भने जो कसैले नजिकैको प्रशासन वा सम्बन्धित स्थानीय तहमा जानकारी गराउन सक्नेछन् ।

स्रोत: http://moics.gov.np/uploads/shares/criteria/

सरकारले बृद्धबृद्धा तथा बालबालिकाले चाडपर्व नमनाउनपाउने नयाँ नियम ल्यायो रे ।

चाड तिहार मनाउँदा आईपर्न सक्ने कोभिड - १९ को जोखिमलाई मध्यनजर गर्दै, सरकारले जोखिम समुहमा पर्ने व्यक्तिहरुले घरपरिवार बाहेकका व्यक्तिहरु सहभागी हुने भेलाहरुमा सहभागि नहुनु भनेको हो । त्यस्ता जोखिम समुहमा ६० वर्ष भन्दा बढी उमेरका व्यक्तिहरु र १२ वर्ष मूनिका बालबालिका पनि पर्दछन् । त्यसै गरेर, ज्वरो, खोकी तथा श्वासप्रश्वासमा समस्या भएका व्यक्तिहरु, गर्भवती तथा सुत्केरी महिलाहरु, दिर्घरोग भएका व्यक्तिहरु, अंग प्रत्यारोपण गरेका, शरिरमा मेडिकल उपकरण राखेका, हालै सर्जरी गरेका व्यक्तिहरु पनि जोखिम समुहमा पर्दछन् ।

स्रोत: https://drive.google.com/file/d/17ali-HL_kiUEX0I4Q-MLJwgOhCEz77di/view

वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका र अंगभंग भएका व्यक्तिका छोराछोरीलाई सरकारले छात्रवृत्ति दिएर पढाउँछ भन्छन्, तर त्यो त एक दुई महिनाको फि तिर्न पनि पुग्दैन नि ? फेरी क्याम्पस पढ्नेले त पाउँदैनन् ।

श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गई मृत्यु वा अंगभंग वा बिरामी भई वैदेशिक रोजगार बोर्डबाट शत प्रतिशत आर्थिक सहायता लिएका कामदारका छोराछोरीले मात्र छात्रवृत्ति पाउँछन् । यसको लागि सामुदायिक तथा संस्थागत विद्यालयमा अध्ययनरत १२ कक्षा सम्म अध्ययनरत १८ वर्ष मुनिका बालबालिका हुनुपर्ने छ । यसरी मापदण्ड पुगेका मध्ये, वार्षिक आधारभुत तहका लागि रु. ८,००० र माध्यामिक तहका लागि रु. १२,००० वैदेशिक रोजगार बोर्डबाट छात्रवृत्ति स्वरुप वार्षिक रुपमा एकमुष्ठ रकम दिने व्यवस्था गरिएको छ । यस शैक्षिक शत्रका लागि पनि वैदेशिक रोजगार छात्रवृत्तिका लागि निवेदन खुलेको छ । विस्तृत जानकारीको लागि तलको लिंक

स्रोत: https://www.facebook.com/photo/?fbid=368318290799018&set=a.111383046492545

कोभिड - १९ का बिरामीलाई अस्पतालमा राख्नै मान्दैनन् । घरमै आईसोलेशनमा बस पो भन्नथाले । के अस्पतालको क्षमता यति नै हो । अब संक्रमित हुनेहरुले स्वास्थ्य सेवा नै नपाउनेहुन् ?

अस्पतालका बेडहरुलाई गम्भिर प्रकृतिका लक्षण देखिएका कोभिड - १९ बिरामीको लागि सुरक्षित गर्न लक्षण नदेखिएका र अन्य कुनै शारिरिक समस्या नभएका ६० वर्ष मूनिका संक्रमितलाई स्थानीय स्वास्थ्यकर्मीको निगरानीमा घरमै आईसोलेशनमा बस्न सक्ने व्यवस्था सरकारले गरेको हो । देशभरी करिब २६०० आईसियु बेड, ९०० भेन्टिलेटर छन् । ति मध्ये कोभिड - १९ को उपचारको लागि २५० आईसियु बेड थपिएको छ भने, थप २४० आईसियु बेड थप्नको लागि प्रकृया अगाडी बढाईएको छ ।

स्रोत: https://www.facebook.com/mohpnep/videos/1419676331754798

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्

COVID-19

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सितैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट **३२१००** मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

Open Migration

मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

साउदी अरब
३,३४,४५१ नेपाली
२,८८,६२० संक्रमित
१७५० नेपाली संक्रमित
९ मृत्यु भएका नेपाली

कुवेत
७१,१२३ नेपाली
७१,७१३ संक्रमित
१५०० नेपाली संक्रमित
७ मृत्यु भएक नेपाली

बहराईन
२६,००० नेपाली
४४,०११ संक्रमित
४५१ नेपाली संक्रमित
३ मृत्यु भएका नेपाली

कतार
४,०६,९१७ नेपाली
१,१२,९४७ संक्रमित
२०,६०० नेपाली संक्रमित
१६ मृत्यु भएका नेपाली

युएई
२,२४,९०५ नेपाली
६२,५२५ संक्रमित
२००० नेपाली संक्रमित
३० मृत्यु भएका नेपाली

ओमान
१७,०५७ नेपाली
८१,७८७ संक्रमित
४५ नेपाली संक्रमित
१ मृत्यु भएका नेपाली

मलेसिया
५००,००० नेपाली
९,०९४ संक्रमित
८१ नेपाली संक्रमित

दक्षिण कोरिया
३८,८६२ नेपाली
१४,६२६



स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

ShramikSanjal

कतार फर्किंदै हुनुहुन्छ ? यो कुरा थाहा पाईराख्नुहोस् ।

कतार फर्किनेहरुका लागि कतार सरकारले नयाँ नियम बनाएको छ । जस अनुसार, केहि देशहरुबाट कतार आउँदा PCR को रिपोर्ट नेगेटिभ हुन आवश्यक छ । नेपाल पनि यही क्याटेगोरीमा पर्ने भएकाले, नेपालबाट कतार आउने सबै यात्रुहरुलाई ७२ घण्टा भित्र लिईएको PCR नेगेटिभ रिपोर्ट चाहिने कतार एयरवेजले भनेको छ ।

निम्न ठाउँबाट लिईएको PCR रिपोर्ट मात्र मान्य हुनेछ:



१. स्टार हस्पिटल, सानेपा हाईट
२. केएमसी हस्पिटल, सिनामंगल
३. सूर्य हेल्थकेयर, लाजिम्पाट
४. ग्राण्डी अन्तराष्ट्रिय अस्पताल, टोखा
५. बिर अस्पताल, सुन्धारा
६. पाटन स्वास्थ्य बिज्ञान प्रतिष्ठान, पाटन
७. ह्याम्स हस्पिटल, धुम्बाराहरी
८. सेन्ट्रल डायग्नोसिस ल्याबरोटरी, कमल पोखरी
९. शुक्रराज ट्रपिकल तथा सरुवारोग अस्पताल, टेकु

www.facebook.com/shramik.sanjal बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight) हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

संघिय सरकार

जम्मा

तिन पटक गरेर नेपाल सरकार अर्थ मन्त्रालय मार्फत छुट्याईएको

करिब १ अर्व ४८ करोड

कोरोना भाईरस जोखिम नियन्त्रण, रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

करिब २ अर्व २६ करोड

दाता

ए.डि.बि.
करिव ३० अर्व ३३ करोड

विश्व बैंक
करिव ३ करोड ४८ लाख

आई.एम.एफ.
करिव १५ अर्व ८८ करोड

युरोपियन युनियन
करिव ९ अर्व ९४ करोड

खर्च

कोरोना भाईरस विरुद्धका गतिविधिमा नेपाल सरकारले गरेको खर्च स्वास्थ्य मन्त्रालयलाई निकासा

करिब ४ अर्व १० करोड

रक्षा मन्त्रालय माफर्त कोरोना रोकथाम र नियन्त्रणका लागि चाहिने स्वास्थ्य उपकरण खरिदको लागि

२ अर्ब ३४ करोड निकासा

प्रदेश सरकार

प्रदेश	प्रदेश १	प्रदेश २	बागमती प्रदेश	गण्डकी प्रदेश	प्रदेश ५	कर्णाली प्रदेश	सुदुरपश्चिम प्रदेश
जम्मा रकम	करिब २९.४ करोड	करिब २६.६ करोड	करिब ४२.९ करोड	करिब १८.३ करोड	करिब १५.६ करोड	करिब २५.४ करोड	करिब ४२.५ करोड
खर्च गरिएको रकम	करिब १९.३ करोड	करिब १३.३ करोड	करिब १३.६ करोड	करिब १५.४ करोड	करिब ७.७९ करोड	करिब २३.९ करोड	करिब ३६.४ करोड

आ.व. २०७५/७६ मा प्रदेश नं. २ को बेरुजुको अवस्था

जम्मा लेखा परीक्षण भएको रकमको

७.०९%

बेरुजु खर्च
रु. १,८२,५३,९९,०००



जम्मा लेखा परीक्षण गरिएको रकम

२५ अर्ब ७ करोड

जम्मा लेखापरीक्षण गरिएका कार्यालय

१२६

बेरुजु देखिएका कार्यालय

९५

accountabilitylab NEPAL

$ फलो द मनी - खर्चको अर्थ

आर्थिक वर्ष २०७५/७६ मा प्रदेश नं. को खर्च बेरुजु देखिएका मन्त्रालयको तुलनात्मक अध्ययन



प्रदेश नं. २ मा उसको जम्मा लेखा परीक्षण भएको रकम मध्ये १ अर्ब ८० करोड खर्च (७.०९%) बेरुजु देखिन्छ । जुन एकदमै धेरै हो । अन्य प्रदेशको तुलनामा प्रदेश नं. २ मा जम्मा लेखा परीक्षण गरिएको रकम (२५ अर्ब ७० करोड) मध्ये बेरुजु देखिएको रकम धेरै हो । ७५% (१२६ मध्ये ९५) भन्दा बढी कार्यालयहरुमा खर्च बेरुजु भएको देखिन्छ । प्रदेश नं. २ मा प्रमाण कागजात पेश नभएका कारण देखिएको बेरुजु ३८.२८% र पेश्की लिएका कारणले देखिएको बेरुजु ३०.२८% छ । यसले प्रदेश नं. २ मा गत वर्ष खर्च व्यवस्थापनको पक्ष एकदमै कमजोर रहेको देखाउँछ ।

प्रदेशका प्राय जसो मन्त्रालय र कार्यालयहरुमा बढी बेरुजु देखिनु चिन्ताको विषय हो । भौतिक पूर्वाधार विकास मन्त्रालयमा देखिएको अप्रत्याशित बढी बेरुजुले प्रत्यक्ष रुपमा त्यस क्षेत्रको प्राथमिक क्षेत्रको विकासमा असर गरेको छ । बजेट घोषणा गर्दा भनिएका सेवाग्राहीको सन्तुष्टी अवधारणा सर्वेक्षण, आपतकालिन कोषको स्थापना, युवा सरोकार कोष, विपद व्यवस्थापन, खाद्य सुरक्षा सम्बन्धी प्रदेश नीति, प्रदेशको गुरु योजना र प्रदेश विश्वविद्यालय आदीलाई देवास्ता गरिएको देखिन्छ । त्यसै गरेर, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको जिम्मेवारी भनेको आर्थिक अनुशासन कायम गर्नु, अन्य निकायलाई पनि आर्थिक अनुशासन कायम गर्न प्रेरित गर्नु हो । तर, आफ्नै कार्यालयमा बढी बेरुजु देखिनु राम्रो कुरा हैन । यसलाई प्रदेश सरकारले समयमै ध्यान दिनु पर्दछ ।

नोटः हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

फ्रन्टलाईनर्स भोईसेस्

रंगिला कुमारी जयसवाल

उप-प्रमुख, गरुडा नगरपालिका, रौतहट

"गरुडा नगरपालिका क्षेत्रमा पनि कोरोना भाइरस देखापरिसकेको छ । यसले जनतामा केही त्रास फैलिएको छ । त्यसको लागि हामीले जनताको बीचमा गएर काम गर्नुपर्ने भएकोले व्यवस्थापनमा चुनौती छ । कामको सिलसिलामा घरबाहिर निस्कनुपर्छ । यो समयमा बाहिर निस्किएर काम गर्न जोखिम छ । तर, हामीले सकेजति सावधानी अपनाएर काम गरिरहेका छौं ।"

सन्तोष कुमार ठाकुर

संयोजक, गंगुली र सपही आइसोलेशन

"कोभिड - १९ को महामारी चलेको बेला धनुषा जिल्लाको गंगुली र सपही आइसोलेशनको संयोजन गर्ने जिम्मेवारी चुनौतीपूर्ण थियो र अझैसम्म छ । मनमा डर भएपनि आइसोलेशन व्यवस्थापनमा कुनै कसर बाँकि राखेका छैनौं । अस्पताल तथा आइसोलेशनमा काम गर्ने चिकित्सक एवं स्वास्थ्यकर्मीसँग घरधनीहरुको हेर्ने दृष्टिकोण भिन्न छ । भाइरस बोकेर ल्याएको हो कि जस्तो व्यवहार गर्दछन् । तर, मैले संयोजन गरेको आइसोलेशनबाट भने कुनै पनि संक्रमितको गुनासो आएको छैन । पाँच महिनादेखि परिवारलाई समय दिन नपाएको पीडाभन्दा, दिनरातको कुनै मतलब नगरी संक्रमितको सेवामा खट्न पाउँदा खुशी लागेको छ ।"

अमित कापर

आइसोलेशन सहयोगी , कोभिड - १९ अस्पताल, जलेश्वर, महोत्तरी

"हामीलाई आइसोलेशनमा सहयोगीको रुपमा खटाइएको छ, त्यसैले सबैभन्दा बढी सावधानी हामीले अपनाउनुपर्छ । शुरु शुरुमा आइसोलेशनमा आउने संक्रमितहरु धारा खुला छोड्ने, फोहर गर्ने गर्दथे । त्यसले हामीलाई तनाब दिन्थ्यो र सरसफाई कर्मचारी पनि धेरै गुनाँसो पोख्ने गर्दथे । तर, अहिले आउने संक्रमितहरु आफै सरसफाईमा बस्न रुचाउँछन् । हामीलाई पहिला पहिला कोरोना भाइरस संक्रमितलाई खाना पुऱ्याउँदा डर लाग्ने गर्दथ्यो, तर सावधानी अपनाउन थाल्दा कोरोनाभाइरसको डर हराएको छ । कोभिड - १९ अस्पतालको आइसोलेशनमा काम गर्दा गर्व महसुस हुन्छ ।"

कोभिड - १९ संगै पत्रकारिता क्षेत्रमा देखिएको संकट

कोरोनाभाईरसको विश्वव्यापी प्रकोपसंगै नेपालका सञ्चार माध्यमहरूले आम नागरिकलाई सूचित गर्ने सन्दर्भमा आफ्नो व्यवसायिक दायित्वको पालना गरेकाछन् । तर, यो समयमा सञ्चार गृहहरू दुई वटा कुरामा चुकेकाछन् । पहिलो, उनिहरूले स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गरेका छैनन् । दोस्रो, उच्च जोखिम मोलेर समाचार संकलन गर्ने सञ्चारकर्मीलाई नियमित पारिश्रमिक दिएका छैनन् । यसरी परिश्रमिक बिनै श्रमजिवी पत्रकारहरूलाई काममा खटाईएको दुखद घटनाहरू सतहमा आएका उदाहरणहरू थुप्रै देख्न सकिन्छ । यद्यपी, सञ्चार क्षेत्र पनि यो महामारीको असरबाट अछुतो रहन सकेको छैन । तर, उनिहरूले सञ्चारकर्मीलाई तलब दिन प्रयाप्त आमदानी नभएको भने पनि, त्यसलाई सम्बन्धित सञ्चारकर्मीले विश्वास गरिहाल्ने अवस्था छैन । किन भने, ति सञ्चारगृहले हिसावकिताव बुझाउनुपर्ने सरकारी निकाय भन्दा बाहेक कतै पनि आयव्यय सार्वजनिक गर्दैनन् । यसले पनि सञ्चारगृह र सञ्चारकर्मीको विचको विश्वासको दुरी अझै फराकिलो बनाएको छ ।



यो समयमा जसले अरुको दुख, पीडा र अन्यायको कथा लेखे, उनिहरू आफै माथि भएको विभेदकारी व्यवहार विरुद्ध आवाज उठाउन सकिरहेका छैनन् । केही पत्रकारहरूले आफु कार्यरत सञ्चार गृहले संकटको बेलामा अमानविय निर्णय लिन नहुने तर्क पनि राखे । तर, त्यसको पनि सुनुवाई भएको छैन । नाम चलेका सञ्चार गृहहरूले आफ्ना कर्मचारीलाई अनिवार्य विदामा जान पनि बाध्य बनाएकाछन् । त्यसै गरेर, कोरोना भाईरसको संक्रमण फैलिसकेपछि नै देशभरीका करिब ८०० वटा सञ्चार गृहहरू बन्द भए । यसले पनि पूर्णकालिन श्रमजीवी पत्रकारलाई ठुलो प्रभाव पार्‍यो ।

नेपाल विज्ञापन संघका अनुसार, मास मिडिया र साईनेज लगायत देशको कुल विज्ञापन बजार भनेको करिब १२ अर्बको छ । महामारीका कारण यसका आधा हिस्सा गुमाईसकेको अवस्था छ । यो चार महिनाको अवधीमा जम्मा विज्ञापनको करिब ८० प्रतिशत बजार प्रभावित भईसकेको छ । यसरी हेर्दा, यो महामारीको समयमा सञ्चार माध्यमको भुमिका अहम छ, तर श्रमजीवी पत्रकारको जीविकोपार्जनको विषय पनि त्यत्तिकै महत्वपूर्ण छ ।

चेतना कुवँर
असिस्टेण्ट रिसर्चर
सेन्टर फर मिडिया रिसर्च नेपाल

सही सूचना

विदेशमा फसेका श्रमिक: को फर्किए र बाँकी रहेकालाई उद्धार गर्न सरकारले के गनुपर्ला ?

कोरोना भाईरसको प्रकोप पश्चात नेपाल फर्किएका वैदेशिक रोजगारीमा गएका व्यक्तिको संख्या



माथीको ग्राफले कोरोना भाईरसको प्रकोप पश्चात मुख्य गन्तव्य राष्ट्रबाट नेपाल फर्किएका वैदेशिक रोजगारीमा गएका व्यक्तिको संख्यालाई देखाउँछ । सरकारले चार्टर उडान मार्फत उद्धार गर्ने निर्णय पछि जुन महिना सम्म बिभिन्न देशमा रोकिएका श्रमिक मध्ये जम्मा ४७,८३१ जना वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकहरु स्वदेश फिर्ता भएकाछन् । तर, जसको हावाई जहाजको टिकट किन्न सक्ने क्षमता छ, उसको मात्र उद्धार भएको छ । जसले टिकटको जोहो गर्न सकेका छैनन्, उनिहरुले अझै आउन पाएका छैनन् । सरकारले त्यस्ता श्रमिकलाई उद्धार गर्न कार्ययोजना बनाएर लागु गरेको छ । तर, दैनिक उडानको संख्या सिमित हुँदा समयमै उद्धार हनुपर्ने व्यक्तिको उद्धार हुन सकेको छैन । यसका लागि सरकारले दैनिक उडान संख्या बढाउन जरुरी छ ।

स्रोत: HEOC, MoHP, SitRep

DISCLAIMER

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि अगस्त महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

Coronavirus CivActs Campaign is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219